वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक ११२ | २०८३ भदौ ०४ गते विहीबार, नेपाल सम्वत् ११४६ August 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## धान खेती गोड्दै

कास्कीको लेखनाथ सातमुहाने फाँटमा धान खेती गोड्दै स्थानीय किसान । असारमा रोपेको धानको विऊ अहिले गोडमेल गरी मल हाल्ने गरिन्छ।

*तस्विर : सुरज गुरूङ/भञ्ज्याङ*

# आस्था, इतिहास र विश्वासको धरोहर : इशानेश्वर महादेव

जनक श्रेष्ठ/लमजुङ

बिहानको उज्यालो पूर्ण रूपमा फैलिन नपाउँदै मध्यनेपाल नगरपालिका-७ करापुटारस्थित इशानेश्वर महादेव मन्दिर परिसरमा भक्तजनको चहलपहल सुरू हुन्छ । कसैको हातमा दूध र बेलपत्र हुन्छ, कसैले पञ्चामृत बोकेका हुन्छन् भने कसैको मनमा सन्तान प्राप्ति र मनोकामना पूरा हुने विश्वास हुन्छ ।

वर्षभर दर्शनार्थीको आगमन भइरहने यस धार्मिकस्थलमा साउने सोमबार र महाशिवरात्रिका अवसरमा भने श्रद्धालुको विशेष घुइँचो लाग्ने गर्दछ । लमजुङको करापुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर धार्मिक आस्था, ऐतिहासिक महत्व र सांस्कृतिक विश्वास बोकेको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा परिचित छ ।

विशेषगरी सन्तान प्राप्तिको कामना लिएर आउने भक्तजनको ठूलो विश्वासका कारण यो मन्दिर विशेष धार्मिक आस्थाको केन्द्र बनेको छ । शिव आराधनाको पुरानो परम्परा रहेको यस मन्दिरमा महाशिवरात्रिका अवसरमा रातभर जाग्राम बसेर 'ठाडो बत्ती' बाल्ने चलन छ । लामो समयसम्म सन्तान नभएका दम्पतीले श्रद्धापूर्वक ठाडो बत्ती बाल्दा सन्तान प्राप्त हुने तथा अन्य मनोकामना पूरा हुने धार्मिक विश्वासका कारण देशका विभिन्न स्थानबाट भक्तजन यहाँ आउने गरेका छन् ।

मन्दिरका पुजारी वामदेव सोतीका अनुसार इशानेश्वर महादेवप्रतिको भक्तजनको विश्वास निकै गहिरो छ । उहाँका अनुसार महाशिवरात्रिका अवसरमा यहाँ ठाडो बत्ती बाल्ने परम्परालाई विशेष महत्वका साथ पालना गरिन्छ । "सन्तान प्राप्त भएपछि पूजा गरेपछि पुत्र प्राप्त भएको र छोराको नाम रूद्र शाह राखिएको विश्वास गरिन्छ ।

तनहुँको बन्दीपुर गाउँपालिका-३ की सृजना पौडेलले सन्तान प्राप्तिको कामनासहित २०७५ सालको महाशिवरात्रिमा इशानेश्वर महादेवमा आएर ठाडो बत्ती बाल्नुभएको थियो । उहाँका अनुसार त्यसपछि २०७६ मंसिरमा छोरा जन्मिएको थियो । "मैले २०७५ सालमा शिवरात्रि पर्वमा आएर ठाडो बत्ती बालेकी थिएँ, त्यसपछि २०७६ मंसिरमा छोरा जन्मियो," उहाँले बताउनुभयो । गोरखाकी विपना थापाको अनुभव पनि यस्तै छ। सन्तान प्राप्तिको कामना लिएर श्रीमान्सहित इशानेश्वर आउनुभएकी उहाँले महाशिवरात्रिका अवसरमा ठाडो बत्ती बाल्नुभएको थियो । पछि छोरा जन्मिएपछि उहाँ सन्तानसहित पुन: मन्दिर दर्शन गर्न आउनुभएको थियो ।



महादेवलाई देखाउन पुन: आउने भक्तजन पनि धेरै हुनुहुन्छ", उहाँ भन्नुहुन्छ । स्थानीय जनश्रुतिअनुसार इशानेश्वर महादेवको सम्बन्ध गोरखाका राजा कृष्ण शाहको कथासँग पनि जोडिन्छ । लामो समयसम्म सन्तान नभएका राजा कृष्ण शाहले महाशिवरात्रिका दिन यहाँ आएर ठाडो बत्ती बालेर

इशानेश्वर महादेव मन्दिरको इतिहास धार्मिक विश्वास र स्थानीय जनश्रुतिसँग गहिरोसँग जोडिएको छ । यस क्षेत्रको व्यवस्थित संरक्षण, प्रचार-प्रसार र विकासका लागि संस्थागत पहल हुँदै आएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार इशानेश्वर महादेव मन्दिर क्षेत्रको विकास र व्यवस्थापन गर्ने उद्देश्यले विसं २०६५ मा इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समिति गठन

बाँकी तेश्रो पेजमा

# तनहुँ जलविद्युत् आयोजनाको बाँध निर्माणमा ६२ प्रतिशत प्रगति

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको ऋषिङ गाउँपालिकामा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-१ अन्तर्गत निर्माण भइरहेको १४० मिटर अग्लो मुख्य बाँधको निर्माण कार्यमा ६२ प्रतिशत प्रगति हासिल भएको छ। बाँध निर्माणका लागि कुल आठ लाख ५० हजार घनमिटर कङ्क्रिट भर्नुपर्नेमा हालसम्म चार लाख ७३ हजार ७६१ घनमिटर कङ्क्रिट भरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

आयोजनाको प्रमुख संरचनामध्ये रहेको मुख्य बाँध निर्माण निर्धारित लक्ष्यअनुसार अगाडि बढिरहेको उनले बताए । बाँधमा कङ्क्रिट राख्ने कार्य निरन्तर जारी रहेकाले केही समयभित्रै थप प्रगति हुने उनले बताए । प्याकेज १ अन्तर्गत बाँध लगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५९ प्रतिशत प्रगति भएको छ । मुख्य बाँध निर्माणका लागि डाँडो कटान, पहुँच सडक निर्माण, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरूङ लगायतका संरचनाको निर्माण कार्य सम्पन्न भएको छ ।



मुख्य बाँध निर्माणका लागि सेती नदीलाई पथान्तरण गरिएको छ । मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण कार्य सम्पन्न गर्नुका साथै दुवै किनारमा अवस्थित ग्राउटिङ टनेल आठ वटा निर्माण भएका छन् । मुख्य बाँधको कङ्क्रिटिङ कार्य २०८१ साल चैत ७ गतेदेखि सुरू भएको थियो। बाँधको फाउन्डेसनको स्थायित्वका लागि विभिन्न ग्राउटिङ ग्यालरीमा कोर ड्रिलिङ, पानीको चाप परीक्षण, 'कन्सोलिडेसन ग्राउटिङ' तथा 'कर्टेन ग्राउटिङ' कार्य भएका छन्।

यस्तै, ढलान स्थिरीकरण तथा नदी संरक्षणका लागि सटक्रिट, वायर मेस जडान तथा ग्याबियन निर्माण कार्य पनि निरन्तर अगाडि बढाइएको भण्डारीले बताए ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# घोषणा होइन, परिणाम चाहन्छन् जनता

लोकतान्त्रिक शासन व्यवस्थामा सरकारले नीति, योजना र कार्यक्रम घोषणा गर्नु सामान्य कुरा हो। जनताको आवश्यकता पहिचान गरी विकास र समृद्धिका लागि नयाँ कार्यक्रम ल्याउनु सरकारको जिम्मेवारी पनि हो। तर सरकारको वास्तविक सफलता कति घोषणा गरियो भन्नेमा होइन, ती घोषणा कति कार्यान्वयन भए र त्यसबाट नागरिकको जीवनमा कस्तो परिवर्तन आयो भन्नेमा निर्भर हुन्छ। घोषणा गर्ने तर काम नगर्ने प्रवृत्ति बढ्दै गएमा त्यसले सरकारप्रतिको विश्वास मात्र कमजोर बनाउँदैन, लोकतान्त्रिक व्यवस्थाप्रतिकै भरोसामा समेत असर पार्न सक्छ । नेपालमा नयाँ सरकार गठन हुँदा नागरिकमा नयाँ आशा जाग्ने गर्छ। चुनावअघि राजनीतिक दलहरूले आकर्षक योजना र प्रतिबद्धता सार्वजनिक गर्छन्। रोजगारी सिर्जना गर्ने, महँगी नियन्त्रण गर्ने, भ्रष्टाचार अन्त्य गर्ने, शिक्षा र स्वास्थ्यलाई सहज बनाउने, किसानको समस्या समाधान गर्ने तथा विकास निर्माणलाई तीव्रता दिने वाचा गरिन्छ। तर सरकार गठन भएपछि ती प्रतिबद्धता कार्यान्वयनको चरणमा पुग्दा विभिन्न बहाना, प्रक्रिया र प्राथमिकताको फेरबदल देखिने गरेको छ। त्यसैले अहिले नागरिकले भाषणभन्दा काम र घोषणाभन्दा परिणाम खोजिरहेका छन्।

देशमा योजना र कार्यक्रमको कमी छैन। हरेक वर्ष बजेट आउँछ, नयाँ कार्यक्रम थपिन्छन्, पुराना योजनालाई निरन्तरता दिने घोषणा हुन्छ। तर विकासको गति अपेक्षाअनुसार बढ्न सकेको छैन। कतिपय योजना वर्षौंसम्म अधुरा छन्। कतिपय कार्यक्रम कागजमा आकर्षक देखिए पनि कार्यान्वयन कमजोर छ। यसले सार्वजनिक स्रोतको प्रभावकारितामाथि प्रश्न उठाउँछ। राज्यले खर्च गरेको रकमबाट नागरिकले कति लाभ पाए भन्ने विषयमा गम्भीर समीक्षा हुन आवश्यक छ। आज आम नागरिकको सबैभन्दा ठूलो चिन्ता दैनिक जीवनसँग जोडिएको छ। महँगी बढेको छ। रोजगारीका अवसर पर्याप्त छैनन्। शिक्षा र स्वास्थ्यमा हुने खर्च सामान्य परिवारका लागि ठूलो बोझ बन्दै गएको छ। सार्वजनिक सेवा लिन सरकारी कार्यालय धाउँदा समय र पैसा खर्च गर्नुपर्ने अवस्था अझै पूर्ण रूपमा अन्त्य भएको छैन। नागरिकले सरकारसँग असम्भव कुरा मागेका छैनन्। उनीहरूलाई सहज सेवा, सुरक्षित वातावरण, सम्मानजनक रोजगारी र आफ्नो मेहनतअनुसारको जीवनयापनको अवसर चाहिएको हो।

कृषि क्षेत्रको अवस्था पनि फरक छैन। किसानलाई उत्पादनका लागि मल, बीउ, सिँचाइ र प्रविधि आवश्यक हुन्छ। उत्पादन भएपछि उचित मूल्य र बजार चाहिन्छ। तर किसानले यीमध्ये कुनै न कुनै समस्या हरेक वर्ष झेलिरहेका छन्। कृषि उत्पादन बढाउने घोषणा धेरै हुन्छन्, तर किसानको खेतसम्म आवश्यक सामग्री समयमै पुग्दैन। बजारमा बिचौलियाको प्रभाव रहन्छ। उत्पादनको लागत बढ्दा किसानले उचित मूल्य पाउन सक्दैनन्। कृषि क्षेत्रलाई अर्थतन्त्रको आधार भन्ने मात्र होइन, किसानले आफ्नो पेशाबाट सम्मानजनक आम्दानी गर्न सक्ने वातावरण बनाउन आवश्यक छ । युवाको अवस्था झन् चिन्ताजनक छ। स्वदेशमा पर्याप्त रोजगारी नहुँदा ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा जान बाध्य छन्। उनीहरूले पठाएको विप्रेषणले देशको अर्थतन्त्रलाई ठूलो सहयोग पुर्‍याएको छ। तर देशका लागि उत्पादनशील उमेरका युवालाई विदेश जानुपर्ने बाध्यता दीर्घकालीन समाधान होइन। सरकारले रोजगारी सिर्जना गर्ने, सीप विकास गर्ने र स्वदेशमै उद्यम गर्ने वातावरण बनाउने घोषणा गर्दै आएको छ। अब ती घोषणाको परिणाम देखिनुपर्छ।

सरकारका नीति निर्माणमा पनि गम्भीरता आवश्यक छ। कुनै नयाँ कर, नियम वा कार्यक्रम लागू गर्नुअघि त्यसले नागरिक र सम्बन्धित क्षेत्रलाई पार्ने प्रभावको अध्ययन गर्नुपर्छ। शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रमा निर्णय गर्दा अभिभावक, विद्यार्थी, स्वास्थ्यकर्मी, व्यवसायी तथा अन्य सरोकारवालाको धारणा सुन्नु आवश्यक हुन्छ। निर्णय गरेपछि विरोध बढेपछि मात्र फिर्ता लिने वा रोक्ने प्रवृत्तिले सरकारको तयारी कमजोर रहेको सन्देश दिन सक्छ। निर्णय गर्नुअघि पर्याप्त अध्ययन र संवाद गर्ने संस्कार विकास गर्नुपर्छ । लोकतन्त्रमा जनताको आलोचना र असहमति स्वाभाविक हो। सरकारका निर्णयप्रति प्रश्न उठाउनु नागरिकको अधिकार हो। आन्दोलन पनि लोकतान्त्रिक अधिकारकै एउटा माध्यम हो। तर समस्या समाधानको स्थायी बाटो संवाद र सहमति हो। सरकारले नागरिकको आवाजलाई विरोध मात्र ठान्नु हुँदैन। जनताको असन्तुष्टिमा सरकारका कमजोरी देखिएका हुन सक्छन्। त्यसलाई सुधारको अवसरका रूपमा लिन सक्नुपर्छ । सरकार परिवर्तन हुँदैमा जनताको अवस्था स्वतः परिवर्तन हुँदैन। नेतृत्व फेरिएसँगै कार्यशैली, प्राथमिकता र परिणाम दिने क्षमता पनि बदलिनुपर्छ। नयाँ नेतृत्वबाट जनताले पुरानै शैलीको निरन्तरता होइन, फरक कामको अपेक्षा गरेका हुन्छन्। त्यसैले चुनावका बेला गरिएका प्रतिबद्धतालाई सरकार गठनपछि बिर्सने होइन, प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्छ । वाचा व्यवहारमा पूरा भएको देख्न चाहन्छन्। त्यसैले अबको राजनीति पनि घोषणाको होइन, परिणामको राजनीति बन्न आवश्यक छ ।

# वस्तुनिष्ठताको कसीमा शैक्षिक परामर्श सेवा

♦ उमेश ढुंगेल

प्रस्तावित शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ ले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, अभिभावक र शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाहरूबीच विभिन्न कोणबाट बहस र छलफल भएका छन्। खासगरी बहसमा धरौटी, शैक्षिक परामर्श सेवाका लागि त्यति आवश्यक नदेखिने पूर्वाधार, ग्रेडिङ, परामर्शदाताको आफ्नो नियन्त्रण र क्षमताभन्दा बाहिर जाने आर्थिक तथा मानसिक क्षतिपूर्तिको दायित्व र शाखा कार्यालयजस्ता विषय उठेका छन् ।

यीमध्ये कतिपय विषयमा पर्याप्त छलफल र पुनर्विचारको आवश्यकता देखिन्छ तर यी विषयमा प्रवेश गर्नुअघि एउटा आधारभूत प्रश्नबाट छलफल सुरू गर्नु उचित हुन्छ आखिर परामर्श भनेको के हो ? परामर्श भनेको कसैको ठाउँमा निर्णय गरिदिने काम होइन । कुनै व्यक्तिको अवस्था, क्षमता, रूचि, आवश्यकता, विकल्प, जोखिम र सम्भावित परिणामलाई बुझेर सत्यापनयोग्य सूचना, विवेकपूर्ण विश्लेषण र पेशागत मार्गदर्शनमार्फत उसलाई आफ्नै जीवनबारे सही र सूचित निर्णय लिन सक्षम बनाउने प्रक्रिया नै परामर्श हो। विद्यार्थीको आवश्यकता, क्षमता, रूचि, आर्थिक अवस्था र भविष्यको लक्ष्यअनुसार उपलब्ध विकल्प पहिचान गर्नु, ती विकल्पका अवसर र सीमाबारे वस्तुगत जानकारी दिनु, सम्भावित जोखिमबारे सचेत गराउनु र अन्ततः विद्यार्थीलाई आफ्नै निर्णय लिन सक्षम बनाउनु नै परामर्शको मूल जिम्मेवारी हो । यसैले शैक्षिक परामर्शलाई विद्यार्थीलाई कुनै देश, विश्वविद्यालय वा पाठ्यक्रममा पठाउने भर्नाकेन्द्रित गतिविधिमा मात्र सीमित गर्नु यसको वास्तविक प्रकृतिलाई साँघुरो बनाउनु हो ।

> **मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानी पुर्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ । असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु उचित हुँदैन ।**

शैक्षिक परामर्श मूलतः विद्यार्थीको शैक्षिक पृष्ठभूमि, क्षमता, रूचि, भविष्यको आकांक्षा, आर्थिक अवस्था र उपलब्ध शैक्षिक अवसरबीच उचित सम्बन्ध पहिचान गर्ने ज्ञानमा आधारित पेशागत सेवा हो । त्यसैले परामर्शदाताको मूल्य कार्यालयको आकार वा विद्यार्थीको सत्त्याले मात्र होइन, उसले दिने सूचनाको गुणस्तर, विश्लेषण गर्ने क्षमता, पेशागत दक्षता र विद्यार्थीप्रतिको जिम्मेवारीले निर्धारण गर्नुपर्छ। परामर्शदाताको काम विद्यार्थीको निर्णय आफ्नो हातमा लिनु होइन, उसलाई अझ राम्रो निर्णय गर्न सक्षम बनाउनु हो।

विद्यार्थी र अभिभावकको जिम्मेवारिता आजको विश्वमा शैक्षिक अवसर र सूचना विद्यार्थीको पहुँचमा पहिलेभन्दा धेरै सहज भएका छन्। विश्वव्यापी शैक्षिक गतिशीलताको अवसरलाई उपयोग गर्दै विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुन आवश्यक छ । आफूले प्राप्त गरेको सूचना सकेसम्म सत्यापन गर्ने, विभिन्न विकल्पबीच तुलना गर्ने, प्रश्न गर्ने र आवश्यक परे थप जानकारी खोजेर मात्र निर्णय गर्ने संस्कार विकास हुनुपर्छ ।

सही परामर्श लिनु परामर्शदाताको मात्र जिम्मेवारी होइन । सही सूचना खोज्नु, बुझ्नु र सोचेर निर्णय गर्नु विद्यार्थी तथा अभिभावकको पनि जिम्मेवारी हो । समय लिएर सूचना परीक्षण गरी निर्णय गर्दा हतारमा निर्णय गर्नुपर्ने अवस्था कम हुन्छ । प्रस्तावित नियमावलीमा विद्यार्थी र अभिभावकको भूमिकालाई पनि स्पष्ट रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ । विद्यार्थी केवल सेवा प्राप्त गर्ने व्यक्ति होइन; आफ्नो भविष्यसँग सम्बन्धित निर्णयको प्रमुख सरोकारवाला हो। अभिभावक पनि आर्थिक, पारिवारिक र सामाजिक पक्षसँग जोडिएको महत्वपूर्ण पक्ष हुन् । यी दुवैलाई सचेत र जिम्मेवार सरोकारवालाका रूपमा स्थापित गर्न सकिएमा परामर्श प्रक्रिया अझ स्वस्थ र सन्तुलित बन्न सक्छ ।

**नियमावलीको आवश्यकता किन?**

एउटा विद्यार्थीले गलत सल्लाह पाउँदा समस्या उसको शैक्षिक भविष्यमा मात्र सीमित हुँदैन । त्यसले परिवारको ठूलो आर्थिक लगानी, अध्ययनको दिशा, करियर, व्यक्तिगत आत्मविश्वास र भविष्यका अवसरसम्म असर पार्न सक्छ। यही कारणले शैक्षिक परामर्श क्षेत्रमा नियमावली अत्यावश्यक छ। विद्यार्थी र परामर्शदाताबीच सूचना, ज्ञान, अनुभव र प्रभावको समानता हुँदैन । विद्यार्थीले परामर्शदाताले दिएको सूचनामाथि विश्वास गरेर आफ्नो जीवनको महत्वपूर्ण निर्णय गर्न सक्छ त्यसैले यो सम्बन्ध सामान्य व्यापारिक कारोबारभन्दा बढी संवेदनशील हुन्छ । प्रस्तावित नियमावलीमा परामर्शदाता, विद्यार्थी तथा अभिभावक, नेपालमा रहेका वा विदेशमा रहेका शैक्षिक प्रदायक तथा विश्वविद्यालय, सम्बन्धित सरकारी निकाय र अन्य प्राथमिक सरोकारवालाको भूमिका, जिम्मेवारी, अधिकार, सीमा र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्न सकिएमा धेरै सम्भावित समस्या समाधान गर्न सकिन्छ।

कम्तीमा पनि परामर्शदाताले सही र प्रमाणित सूचना दिने, गोपनीयता कायम गर्ने, स्वार्थको द्वन्द्व भए खुलासा गर्ने, सत्य र गैरभ्रामक प्रचार गर्ने, आफ्नो पेसागत क्षमताको सीमाभित्र रहेर सेवा दिने, आवश्यक अभिलेख राख्ने, विद्यार्थीको स्वायत्तताको सम्मान गर्ने र विद्यार्थीको हितलाई व्यावसायिक स्वार्थभन्दा माथि राख्ने दायित्व नियमावलीमा स्पष्ट हुनुपर्छ। परामर्शदाताले आफूलाई थाहा नभएको कुरा थाहा भएजस्तो गर्नु हुँदैन । कुनै संस्थाको कमजोरी थाहा हुँदाहुँदै लुकाउनु हुँदैन । 'कमिसन' वा अन्य व्यावसायिक लाभका कारण विद्यार्थीका लागि अनुपयुक्त विकल्पलाई उपयुक्त भनेर प्रस्तुत गर्नु हुँदैन । विद्यार्थीको निर्णयक्षमतामाथि आ˘नो व्यावसायिक स्वार्थका कारण प्रभाव पार्नु हुँदैन त्यसैले नियमावली पेशालाई अनावश्यक नियन्त्रण गर्ने अतिरिक्त बोझ होइन; पेशागत विश्वासलाई संस्थागत गर्ने आधार हुनुपर्छ ।

**स्पष्ट भूमिकाको खाँचो**

परामर्शदाताले विद्यार्थीलाई सही सूचना दिन सक्छ, उपयुक्त पाठ्यक्रम छनोटमा सहयोग गर्न सक्छ र सत्यमा आधारित प्रचार गर्न सक्छ । तर अफर लेटर, विश्वविद्यालयको प्रवेश निर्णय, भिसा, अध्यागमन, विदेशी कानुन, दूतावासको निर्णय वा विद्यार्थी विदेश पुगेपछिको व्यक्तिगत व्यवहार परामर्शदाताको पूर्ण नियन्त्रणमा हुँदैन । यही कारणले परामर्शदाताको कर्तव्य र उसको नियन्त्रणको सीमा स्पष्ट नभई केवल परिणामका आधारमा दायित्व निर्धारण गर्नु न्यायोचित हुँदैन ।

परामर्शदाताले कुनै विश्वविद्यालय वा कलेजको अफर लेटरको ग्यारेन्टी गर्न सक्दैन । उसको मुख्य भूमिका विद्यार्थीलाई करियर मार्गदर्शन, शिक्षा प्रणाली, पाठ्यक्रम, संस्थागत आवश्यकता, भिसा प्रक्रियासम्बन्धी उपलब्ध जानकारी, सम्बन्धित देशको अर्थतन्त्र, भूगोल, जलवायु तथा अन्य सान्दर्भिक विषयमा सही र वस्तुगत जानकारी उपलब्ध गराउनु हो । अन्तिम निर्णय सम्बन्धित शैक्षिक संस्था वा सरकारी निकायले गर्ने हो त्यसैले कर्तव्यसँगै नियन्त्रणको सीमा र उत्तरदायित्वको सीमा पनि स्पष्ट हुनुपर्छ । कुनै परामर्शदाताले विद्यार्थीलाई नबुझी, उसको क्षमता र हितविपरीत, केवल आ˘नो व्यावसायिक स्वार्थका कारण कुनै विकल्प जबर्जस्ती थोपर्छ भने त्यो परामर्शको मूल मर्मविपरीत हुन्छ ।

**कस्तो नियमन आवश्यक?**

नेपालको संविधानले पेसागत स्वतन्त्रता र सार्वजनिक हितबीच सन्तुलन खोज्ने आधार दिएको छ । धारा १७ (२) (च) ले पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्वीकार गरेको छ भने कानुनद्वारा उचित शर्त वा योग्यता निर्धारण गर्न सकिने आधार पनि रहेको छ । त्यसैले संवैधानिक प्रश्न 'नियमन गर्न मिल्छ कि मिल्दैन' मात्र होइन । नियमनको उद्देश्य, कानुनी आधार, आवश्यकता, औचित्य र त्यसबाट सिर्जना हुने भारबीच उचित सम्बन्ध छ कि छैन भन्ने पनि हो । त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई संवैधानिक संरक्षण दिएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि गुणस्तरीय सेवा, छनोट, सूचना तथा अनुचित व्यापारिक अभ्यासविरूद्धको संरक्षणलाई महत्व दिएको छ । त्यसैले गलत सूचना दिने, विद्यार्थीलाई झुक्याउने वा जानाजानी अनुचित व्यावसायिक अभ्यास गर्ने संस्था वा व्यक्तिमाथि प्रभावकारी कारबाही हुनु आवश्यक छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानी पुर्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ । असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरूवातका लागि दिन अनुकूल रहनेछ। आर्थिक पक्षमा सामान्य सुधार देखिनेछ।

**वृष**
धैर्य र संयमताका साथ अघि बढ्दा राम्रो परिणाम प्राप्त हुनेछ। व्यापार–व्यवसायमा लाभ हुने सम्भावना छ।

**मिथुन**
रोकिएका कामले गति लिनेछन्। अनुसन्धानमा रूचि बढ्नेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुन सक्छ।

**कर्कट**
परिवारसँग रमाइलो समय बित्नेछ। सामाजिक क्षेत्रमा सम्मान प्राप्त हुने सम्भावना छ। आत्मविश्वास बढ्नेछ।

**सिंह**
वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सकारात्मक समाचार प्राप्त हुने सम्भावना छ। यात्राको सम्भावना छ ।

**कन्य**
स्वास्थ्यमा सुधार आउनेछ। नयाँ योजना बनाउने र भविष्यका लागि निर्णय गर्ने उपयुक्त समय रहनेछ।

**तुला**
साझेदारीका काममा लाभ मिल्ने सम्भावना छ। बोलीमा संयम अपनाउँदा सम्बन्ध अझ सुदृढ हुनेछ।

**वृश्चिक**
अधुरा काम पूरा हुनेछन्। स्वास्थ्यमा सामान्य थकान महसुस हुन सक्छ, पर्याप्त आराम गर्नुहोस्।

**धनु**
सृजनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ । छोटो यात्राको सम्भावना छ।

**मकर**
निर्माणसम्बन्धी विषयमा सकारात्मक संकेत देखिन्छ। धैर्यपूर्वक निर्णय लिनु लाभदायक हुनेछ।

**कुम्भ**
सञ्चार र व्यापारसँग सम्बन्धित काममा लाभ मिल्नेछ। नयाँ चिनजानबाट भविष्यमा फाइदा पुग्न सक्छ।

**मीन**
रोकिएको रकम प्राप्त हुन सक्छ। प्रेम सम्बन्धमा मधुरता बढ्नेछ। परिवारको साथले मनोबल बढ्नेछ।

# वस्तुनिष्ठताको कसीमा शैक्षिक .......

उचित हुँदैन। त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दायित्वसम्बन्धी व्यवस्थाले पनि कर्तव्य र दायित्वबीच सम्बन्ध स्थापित गर्छ। दफा ४९३, ४९५, ४९९ र ५०० का व्यवस्थाबाट हेर्दा जसको जुन दायित्व हो, त्यही आधारमा त्यसको पालना र त्यसबाट उत्पन्न हुने हानीनोक्सानीको उत्तरदायित्व निर्धारण हुने आधार देखिन्छ । यही दृष्टिले प्रस्तावित नियमावली, २०८३ लाई हेर्दा यसको उद्देश्यप्रति असहमति गर्नुपर्ने कारण छैन । विद्यार्थीको हित संरक्षण, सेवा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु राज्यको वैध जिम्मेवारी हो तर उद्देश्य राम्रो हुँदैमा उद्देश्य प्राप्त गर्ने प्रत्येक माध्यम स्वतः उचित हुन्छ भन्ने हुँदैन ।

**धरौटी र ग्रेडिङको प्रश्न**

प्रस्तावित नियमावलीमा २५ लाख रूपैयाँ धरौटीको विषयमा बहस गर्दा 'धरौटी चाहिन्छ' वा 'चाहिँदैन' भनेर मात्र निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन। वास्तविक प्रश्न हो २५ लाख नै किन ? यसले कुन पहिचान गरिएको जोखिमलाई सम्बोधन गर्छ ? विद्यार्थीको आर्थिक सुरक्षा, क्षतिपूर्ति, सेवा गुणस्तर वा अन्य कुनै नियामक उद्देश्य ? यदि विद्यार्थीको सुरक्षा मुख्य उद्देश्य हो भने त्यसका लागि अन्य कम भार पर्ने विकल्प पनि हुन सक्छन् कि सक्दैनन् भन्ने विषयमा अध्ययन आवश्यक हुन्छ । बीमा, बैंक ग्यारेन्टी, संरक्षण कोष वा अन्य जोखिममा आधारित व्यवस्थाजस्ता विकल्पले पनि सोही उद्देश्य पूरा गर्न सक्छन् भने तिनको तुलनात्मक अध्ययन गर्नु नियमनलाई कमजोर बनाउनु होइन; अझ प्रभावकारी बनाउनु हो ।

ग्रेडिङको अवधारणा आफैँमा गलत होइन तर त्यसका वस्तुगत मापदण्ड, निर्णय प्रक्रिया, कारणसहितको निर्णय, पुनरवलोकन तथा अपिलको अधिकार स्पष्ट हुनुपर्छ । नत्र गुणस्तर सुधारका लागि ल्याइएको प्रणाली प्रशासनिक विवेकाधिकारको माध्यम बन्न सक्ने जोखिम रहन्छ। सबैभन्दा महत्वपूर्ण कुरा पहिले अधिकार र जिम्मेवारी, त्यसपछि दायित्व र सजाय हुनुपर्छ। कानुनी भूमिका नै स्पष्ट नभएको अवस्थामा धरौटी, क्षतिपूर्ति, इजाजत रद्द वा अन्य कठोर दायित्व निर्धारण गर्दा कानुनी निश्चितता र न्यायोचितताको प्रश्न उठ्न सक्छ ।

अबको बहस विद्यार्थी केन्द्रित अबको बहस 'नियमावली चाहिन्छ कि चाहिँदैन?' भन्ने तहमा रोकिनु हुँदैन । नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण छ । अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ । यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ।

नियमावलीले विद्यार्थीलाई केबल सम्झौता गराउने होइन, उसलाई सही सूचना र स्वतन्त्र निर्णयको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले परामर्शदातालाई मात्र उत्तरदायी बनाउने होइन, सूचना उत्पादन र प्रवाहमा संलग्न सबै पक्षको भूमिका स्पष्ट गरोस् । गलत गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही गरोस् तर असल नियतले आफ्नो पेसागत कर्तव्य पूरा गर्ने व्यक्तिलाई आफ्नो नियन्त्रणबाहिरको परिणामको दोषी नबनाओस् । शैक्षिक परामर्शलाई व्यवसायबाट पूर्णरूपमा अलग गर्न खोज्नु पनि व्यावहारिक हुँदैन । कार्यालय, कर्मचारी, प्रविधि, तालिम र सेवा सञ्चालनका लागि आर्थिक स्रोत आवश्यक हुन्छ । आम्दानी हुनु आफैँमा गलत होइन । गलत त्यतिबेला हुन्छ, जब आम्दानीले पेसागत निर्णयलाई निर्देशित गर्न थाल्छ ।

विद्यार्थीका लागि अनुपयुक्त विकल्प केबल बढी कमिसन आउने कारणले उपयुक्त बनाइन्छ भने त्यहाँ परामर्श क्रमशः बिक्री प्रणालीमा बदलिन सक्छ । यही जोखिम रोक्न ठूलो धरौटीभन्दा बलियो आधार आचारसंहिता, पारदर्शिता, स्वार्थको द्वन्द्वको खुलासा, सत्यापनयोग्य सूचना, पेसागत योग्यता, अभिलेखीकरण र लक्षित अनुगमन हुनसक्छ ।

राम्रो नियमावलीले कुनै एउटा पक्षलाई मात्र नियन्त्रण गर्दैन । यसले विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र राज्यबीच अधिकार, कर्तव्य, सीमा र उत्तरदायित्वको स्पष्ट सम्बन्ध निर्माण गर्छ । प्रस्तावित नियमावलीको मूल उद्देश्य कसैलाई कमजोर बनाउने होइन, गलत अभ्यास रोक्दै जिम्मेवार परामर्श सेवाको स्तर माथि उठाउने हुनुपर्छ। पहिले सेवा र उद्देश्य स्पष्ट गर्ने, त्यसपछि सरोकारवालाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने, त्यसपछि पेसागत आचारसंहिता र मापदण्ड बनाउने अनिमात्र दायित्व, धरौटी, प्रतिबन्ध र दण्डको व्यवस्था गर्ने क्रमले नियमावलीलाई केबल नियन्त्रणको दस्तावेज होइन, शैक्षिक परामर्श क्षेत्रलाई विश्वसनीय, जिम्मेवार र प्रतिष्ठित पेसागत सेवाका रूपमा विकास गर्ने आधार बनाउन सक्छ । विद्यार्थीको अधिकार, पेसागत स्वतन्त्रता र राज्यको नियामक जिम्मेवारीबीच न्यायोचित सन्तुलन कायम गर्ने राम्रो नियमावली निर्माण गर्नु आजको आवश्यकता हो । रासस

(लेखक शिक्षा तथा शैक्षिक परामर्श क्षेत्रमा सक्रिय हुनुहुन्छ ।)

www.bhanjyangnews.com


## व्यक्ति एउटै भएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला साविक रूपाकोट गा.वि.स. वडा नं. ७ हाल भानु न.पा. वडा नं. ११ बस्ने भारतीय भु.पु.सै.नं. JC 602330P, दर्जा Sub. & Hony Lt., पल्टन १/१ जि.आर.का **बल बहादुर गुरूङ**को एक मात्र श्रीमती नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर **सिरीकुमारी गुरूङ** भन्ने **सिरी कुमारी**, जन्म मिति २०१४/१२/०७ (सन् १९५८/०३/२०) भएको र निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नाम थर **सिरी कुमारी, जन्म मिति २०१४/०३/१८ (सन् १९५७/०७/०१)** भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी भानु नगरपालिका वडा नं. ११ को वडा कार्यालयको च.नं. ९७ मिति २०८३/०४/२९ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# आस्था, इतिहास र .....

गरिएको थियो । त्यसपछि ट्रस्ट समिति गठन गरी मन्दिरको प्रचार–प्रसार, संरक्षण तथा विकासका कामलाई अघि बढाउँदै आएको उहाँ बताउनुहुन्छ ।

उहाँका अनुसार इशानेश्वर महादेवको परिचय, इतिहास र धार्मिक महत्व समेटिएको पुस्तकसमेत प्रकाशन गरिएको छ। सरकारबाट समेत यस क्षेत्रको धार्मिक महत्वलाई समेटेर प्रचार–प्रसारमा सहयोग भएको उहाँ बताउनुहुन्छ । स्वस्थानी व्रतकथामा उल्लेख भएका धार्मिक प्रसङ्गसँग समेत इशानेश्वर क्षेत्रलाई जोडेर हेर्ने गरिएको घिमिरे बताउनुहुन्छ। सतीदेवीको अङ्ग पतन भएको स्थानका रूपमा यस क्षेत्रलाई धार्मिक आस्थासँग जोड्ने गरिएको उहाँको भनाइ छ । "इशानेश्वर क्षेत्र शिव र सतीको प्रेमको प्रतीकका रूपमा समेत विश्वास गरिदै आएको छ", उहाँ भन्नुहुन्छ ।

"पछि मानिसहरु यहाँ आएर वसोवास गर्न थाले । खेती गर्ने क्रममा शिवलिङ्ग भेटिएको विश्वास गरिन्छ । त्यसपछि इशानेश्वरको महिमा फैलिँदै गएको हो," उहाँ भन्नुहुन्छ । इशानेश्वर महादेव मन्दिरको निर्माण विभिन्न कालखण्डमा हुँदै आएको छ । स्थानीय स्रोतका अनुसार १४१४ सालमा तत्कालीन लमजुङका राजा वीरनारायण शाहको पालामा मन्दिर निर्माण भएको विश्वास गरिन्छ । समयक्रममा विभिन्न राजा, स्थानीय समुदाय र सम्बन्धित निकायको सहयोगमा मन्दिर संरक्षण तथा विकासका काम हुँदै आएका छन्। २०७२ सालको भूकम्पबाट मन्दिरमा क्षति पुगेपछि पुरातत्व विभागको सहयोगमा पुरानै शैली कायम राख्दै पुनर्निर्माण गरिएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ । उहाँका अनुसार पुरातत्व विभागको करिब रू एक करोड २० लाख ६८ हजार सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको छ । मन्दिर परिसरमा गौरीशङ्कर मन्दिर र १०८ शिवलिङ्ग निर्माण गरिएको छ । घिमिरे भन्नुहुन्छ, "मन्दिरदेखि करिब साढे दुई सय मिटर माथिसम्म सिँढी निर्माण गर्ने योजना छ ।"

इशानेश्वर क्षेत्र विकास समितिका वर्तमान अध्यक्ष गुणराज घिमिरे मन्दिरको धार्मिक महत्वलाई अझ विस्तार गर्दै संरक्षण, प्रचार–प्रसार र थप पूर्वाधार विकासमा समितिले निरन्तर काम गर्दै आएको बताउनुहुन्छ । पुरातत्व विभागको सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको र भक्तजनबाट प्राप्त सहयोग तथा चन्दाबाट पनि विभिन्न संरचना निर्माण तथा व्यवस्थापनका काम हुँदै आएको छ । उहाँका अनुसार मन्दिर क्षेत्रमा धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित गर्न भविष्यमा गुरूकुल सञ्चालन गर्ने योजना रहेको छ ।

स्थानीय धार्मिक मान्यताअनुसार इशानेश्वर क्षेत्रमै देउवा दुरा र पञ्चबहादुर गुरूङले गीतमार्फत ठाडो भाकाको सुरूआत गरेको विश्वास गरिन्छ । महाशिवरात्रिका अवसरमा हरेक वर्ष करिब डेढदेखि दुई लाखसम्म भक्तजन तथा दर्शनार्थी आउने गरेका छन् । साउने सोमबारमा पनि टाढाटाढाबाट भक्तजन आउने र विशेष पूजा–आराधना हुने गरेको उहाँ बताउनुहुन्छ ।

मध्यनेपाल नगरपालिकाका उपप्रमुख सीता गुरूङका अनुसार नगरपालिकाले इशानेश्वर महादेव मन्दिर क्षेत्रको प्रचारप्रसार, संरक्षण र विकासका लागि सहयोग गर्दै आएको छ। "इशानेश्वर महादेव मन्दिरको धार्मिक तथा पर्यटकीय विकासका लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्दै आएका छौं । यस क्षेत्रलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्ने प्रयास भइरहेको छ", गुरूङ भन्नुहुन्छ । उहाँका अनुसार नगरपालिकाले धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय उत्पादनको बजारीकरणलाई समेत प्राथमिकता दिएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्व बोकेको इशानेश्वर महादेव मन्दिरको संरक्षण, प्रचारप्रसार र योजनाबद्ध विकास गर्नसके यो क्षेत्र धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा अझ स्थापित हुनसक्ने देखिन्छ । रासस


पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,
newsbhanjyang@gmail.com



**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्कैं चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**ऋषिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश







**छाब्दी वाराही मन्दिर** : तनहुँको व्यास नगरपालिका-१४ स्थित प्रसिद्ध छाब्दीवाराही मन्दिर । मनले चिताएको पूरा हुने धार्मिक विश्वासका साथ देशका विभिन्न जिल्लाबाट यहाँ पूजा आराधना तथा दर्शन गर्न भक्तजन आउने गर्छन् । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

facebook twitter



**Janak Poudyal**
x.com/JanakPoudyal

आजसम्म रवि लामिछानेले "सीधा कुरा जनतासँग" कार्यक्रम चलाइरहेका हुन्थे र आशिका तामाङले संसदमा उठाएको मुद्दा उनको कार्यक्रमको विषय हुन्थ्यो भने कति जनाको "नाँकको डाँडी" भाँचिसकेका हुन्थे होलान् । त्यो तरिका त फेरि नेपाली समाजले स्वीकारेरै उनको राजनीतिलाई स्वीकृति मिलेको हो । भनेपछि, आशिकालाई किन घृणा गर्छौ हो नेपाली लोग । सत्तापक्षको सांसदले सरकारकै कार्यशैलीको आलोचना गरेको त गजब पो हो त । मर्यादाका कुरा सिक्दै जालिन् उनले पनि । सरकारले सामान्यभन्दा सामान्य जनताको मुद्दालाई बेवास्था गर्छ र हेपिरहन्छ भने आवाज त चर्कै गर्नुपर्ने भइहाल्छ नि, कि कसो ?



**Rajendra Lingden**
x.com/RajendraLingden

वागमती प्रदेशसभामा सरकार निर्माण प्रक्रियामा राप्रपाको कुनै दललाई समर्थन छैन। मुख्य मन्त्रीका लागि नेकपा एमालेका किरण थापाको समर्थनमा बुझाइएको पत्र पार्टी निर्णय विपरित हो । उक्त विषय हामीले प्रदेश प्रमुख समक्ष जानकारी गराइसकेकाछौं ।
पार्टीको निर्णय विपरित क्रियाकलापमा संलग्नहरूलाई अनुशासनको कारबाही प्रक्रिया प्रारम्भ भइसकेको छ।

# यस्ता छन्-बाल अधिकार सिकाइ सम्मेलनका घोषणा

रासस/काठमाडौं

बाल अधिकार सिकाइ सम्मेलन, २०८३ ले बालअधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि सरकारको ध्यानाकर्षण गराउँदै ३७ बुँदे घोषणापत्र जारी गरेको छ । 'विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् र 'बालबालिका राष्ट्रिय गौरव हुन्' भन्ने नारासहित बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को आयोजनामा भएको दुई दिने सम्मेलनको समापनका अवसरमा बुधबार घोषणापत्र जारी गरिएको हो ।

घोषणापत्रमा नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, राष्ट्रिय बालबालिका नीति तथा सरकारका नीति, कार्यक्रम र योजनामा रहेका बालअधिकार सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

बालबालिकाको हकहित र अधिकार सुनिश्चित गर्न राष्ट्रिय बालअधिकार आयोग वा उच्चस्तरीय संयन्त्र गठन गर्नुपर्ने, तीनै तहका सरकारका नीति, कार्यक्रम र योजना निर्माणमा अर्थपूर्ण बालसहभागिता अनिवार्य गर्नुपर्ने तथा बालबालिकाका लागि लगानी वृद्धि गर्नुपर्ने माग घोषणापत्रमा गरिएको सिजपका अध्यक्ष तिलोत्तम पौडेलले जानकारी दिनुभयो ।

त्यस्तै बाल बजेट संकेत कार्यान्वयन कार्यविधि, २०८२ लागू गर्दै तीनै तहका सरकारले बालबालिकाका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, बालबालिकालाई अनलाइन हिंसा तथा दुर्व्यवहारबाट सुरक्षित राख्नुपर्ने र विद्यमान बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिइएको छ ।

बालबालिकामाथि हुने यौन हिंसा, दुर्व्यवहार, बलात्कार, शोषण तथा शारीरिक र मानसिक दण्डको अन्त्य, विद्यालयमा बालमनोविज्ञ र विद्यालय नर्सको व्यवस्था तथा बाल संरक्षण मापदण्ड निर्माण गर्नुपर्ने मागसमेत घोषणापत्रमा छ।

सम्मेलनले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ र बालमैत्री स्थानीय शासन रणनीति, २०६८ लाई समयसापेक्ष परिमार्जन गर्न तथा विद्यालयलाई शान्ति, बालमैत्री र अपाङ्गतामैत्री बनाउने कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरेको छ ।

घोषणापत्रमा दिवा खाजा कार्यक्रम कक्षा १० सम्म विस्तार गर्न, विद्यालयमा मर्यादित महिनावारी वातावरण निर्माण गर्न, बाल पोषण भत्ता सबै बालबालिकासम्म पुऱ्याउन तथा डिजिटल वातावरणलाई बालमैत्री र सुरक्षित बनाउन पनि माग गरिएको छ । बालविवाह अन्त्यका लागि विवाहको उमेर २० वर्ष कायम राख्दै राष्ट्रिय रणनीति कार्यान्वयन गर्न, बालश्रम अन्त्यसम्बन्धी कार्यविधि लागू गर्न तथा बालबालिका बेचबिखन अन्त्य र सडक बालबालिकामुक्त नेपाल कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरिएको छ ।

अपाङ्गता भएका, सीमान्तीकृत, शरणार्थी तथा वैदेशिक रोजगारीमा रहेका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षण सुनिश्चित गर्नुपर्ने, द्वन्द्व, हिंसा र राजनीतिक गतिविधिबाट बालबालिकालाई मुक्त राख्नुपर्ने तथा बालबालिका र किशोरकिशोरीका लागि नागरिक स्थान र सहभागिताको अवसर सुनिश्चित गर्नुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ ।

जन्मदर्ता तथा नागरिकताको अभावमा कुनै पनि बालबालिका पहिचानविहीन बन्न नहुने, बाल हेल्पलाइन र बालबालिका खोजतलास सेवाजस्ता कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने तथा बालक्लबका पूर्वसदस्यलाई बालअधिकार अभियानमा परिचालन गर्नुपर्नेमा सम्मेलनले जोड दिएको छ ।

बालबालिका डुब्ने, बग्ने तथा दुर्घटनामा पर्ने जोखिमपूर्ण संरचनालाई सुरक्षित बनाउन, लागुऔषध दुर्व्यसनबाट बालबालिकालाई जोगाउन तथा स्थानीय तह, निजी क्षेत्र र नागरिक संघसंस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गर्न पनि घोषणापत्रमा आग्रह गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवसलाई स्थानीय तहका नीति तथा कार्यक्रममा समावेश गरी प्रभावकारी रूपमा मनाउन, विश्वव्यापी आवधिक समीक्षा ( युपिआर) तथा बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय सुझाव कार्यान्वयन गर्न र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५७ मा रहेको बाल संरक्षणसम्बन्धी मापदण्ड सरकारी तथा निजी क्षेत्रमा तत्काल लागू गर्न माग गरिएको छ ।

सम्मेलनले बालअधिकार कार्यान्वयनको अवस्थाबारे नेपाली बालबालिका तथा नागरिक समाजलाई संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा आफ्नो धारणा राख्ने अवसर सुनिश्चित गर्न नेपाल सरकारलाई पहल गर्न आग्रह गरेको छ । साथै बालबालिकाको सर्वोत्तम हितलाई स्पष्ट रूपमा व्याख्या गरी आवश्यक मापदण्ड निर्धारण गर्न पनि माग गरिएको छ ।

घोषणापत्रमा बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयक प्रतिनिधिसभामा दर्ता भएको र त्यसमा राष्ट्रिय बाल अधिकार परिषद्लाई कायम राख्ने व्यवस्था गरिएकोमा स्वागत गरिएको छ । गत वैशाख ३० गते मन्त्रिपरिषद्को बैठकबाट खारेज गर्ने निर्णय भएको परिषद्लाई साउन २६ गतेको मन्त्रिपरिषद् बैठकले यथावत राख्ने निर्णय गरेकोमा अभियानले स्वागत गरेको जनाएको छ ।

सम्मेलनमा संघीय सांसद, विभिन्न नागरिक संघसंस्था, सञ्जाल तथा विकास साझेदार संस्थाको समन्वय र सहकार्यमा भएको सम्मेलनमा ५० जिल्लाका १५० भन्दा बढी नागरिक सहभागी थिए ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# गण्डकीको आन्तरिक राजस्व संकलन लक्ष्यको ७२ प्रतिशत

भञ्ज्याङ समाचारदाता/पोखरा

गण्डकी प्रदेश सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक राजस्व संकलनतर्फ निर्धारित लक्ष्यको ७२ दशमलव ८७ प्रतिशत मात्रै प्रगति हासिल गरेको छ । गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाका अनुसार गत आर्थिक वर्षमा रू चार अर्ब १७ करोड ८८ लाख ११ हजार राजस्व संकलन गरेको छ । प्रदेश सरकारले रू पाँच अर्ब ७३ करोड ४३ लाख ८८ हजार आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो ।

सबैभन्दा बढी सवारीसाधन करतर्फ रू एक अर्ब २० करोड ६९ लाख १६ हजार अर्थात् लक्ष्यको ८७ दशमलव ४६ प्रतिशत राजस्व संकलन भएको छ। यस शीर्षकमा रू एक अर्ब ३८ करोडको लक्ष्य राखिएको थियो । यस्तै, घरजग्गा रजिस्ट्रेसनबाट रू ९१ करोड ३७ लाख ३४ हजार राजस्व सङ्कलन भएको छ ।

यस्तै, विज्ञापन कर सङ्कलन उत्साहजनक देखिएको छ । रू २२ लाख ७८ हजार लक्ष्य राखिएको यस शीर्षकमा रू ३२ लाख दुई हजार सङ्कलन भएको छ । कृषि आयमा लाग्ने करमा भने लक्ष्यको २१ दशमलव ४८ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ । रू २० लाख लक्ष्य राखिएकामा रू चार लाख ९५ हजार मात्रै सङ्कलन भएको छ । पर्यटन तथा पदयात्रा शुल्कबाट रू १४ लाख ६९ हजार अर्थात् लक्ष्यको २४ दशमलव ६९ प्रतिशत मात्रै प्राप्त भएको छ ।

ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको बिक्रीबाट रू. १९ करोड ७२ लाख ३४ हजार, मनोरञ्जन करतर्फ रू ३४ लाख ४५ हजार र यातायात क्षेत्रको अन्य आम्दानीबाट रू ५५ करोड ४० लाख ५३ हजार राजस्व सङ्कलन भएको छ । केही क्षेत्रको राजस्व सङ्कलन कमजोर रहे पनि प्रमुख शीर्षकमा भएको उल्लेख्य वृद्धिका कारण प्रदेशको समग्र आन्तरिक राजस्व सङ्कलन सन्तोषजनक रहेको उपाध्यक्ष डा देवकोटाले जानकारी दिनुभयो ।

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४